# पाल्पालाई ढाका राजधानी घोषणा




पाल्पाली ढाकालाई प्रवर्द्धन गर्ने उदेश्यले नेपाल सरकार , लुम्बिनी प्रदेश सरकार , तानसेन नगरपालिका र ढाका उद्योगको संघको सयुंक्त आयोजना र सहकार्यमा मिति २०७८ चैत्र १२ गते पाल्पालाई ढाका राजधानी घोषणा गरियो ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा तानसेन नगरपालिकामा नगर प्रमुख श्री अशोक कुमार शाहीको अध्यक्षता , उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री नारायण प्रसाद शर्मा दुवाडीको सहअध्यक्षतामा एंव लुम्बिनी प्रदेश सरकारका कानुन, माहिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री माननीय रमा घर्तीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा लुम्बिनी प्रदेश, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री हेमराज सुवेदी, पाल्पा उद्योग बाणिज्य संघ, व्यापार संघ पाल्पा, ढाका उद्योगीहरु लगायत विभिन्न सरोकारवाला निकाय र संघसंस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।



ढाका राजधानी घोषणाबाट पाल्पाली ढाकाको ब्राण्डिङ भई यसको उत्पादन, प्रवर्द्धन, रोजगारी अभिवृद्धि तथा उद्यमीको क्षमता वाकस हुने र यसबाट राष्ट्रको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।



<u>फोटोहरुः</u>


पाल्पालाई ढाका राजधानी घोषणा कार्यक्रम
मिति :२०७८/१२/१२
व्यवस्थापन सहयोगी :
पाल्पाली ढाका संघ, तानसेन, पाल्पा ।
सहयोगी :
यूके-एड (सीप)
आयोजक:


ढाकाको राजधानी


पाल्पा
जिल्ला
ढाका


पाल्पालाई ढाका राजधानी घोषणा कार्यक्रम
मिति :२०७८/१२/१२
Organized By:
Management Support By:
Supported By:
Government of Nepal
Ministry of Industry, Commerce & Supplies
Tansen Municipality
Tansen, Palpa
PDA
सीप
UKaid